# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष ०७८/०७९ को
# बजेट बक्तव्य

गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश, नेपाल
१० आषाढ, २०७८

# आ.ब. २०७८/०७९ को बजेट वक्तब्य

गाउँसभाका सभाध्यक्ष ज्यू,

तथा सदस्य ज्यूहरु,

यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था नेपालीको चाहना अनुरुप परिवर्तन गर्न आफनो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ सालमा जारी भएपछि नागरिकको सार्वभौम अधिकारलाई संघ, प्रदेश र स्थानीय तह गरि ३ तहबाट प्रयोग गर्ने संवैधानिक प्रावधान अनुरुप तीन वटै तहहरुको निर्वाचन सम्पन्न भई तिनै तहबाट नागरिकका प्रतिनिधिहरु बाट शासन सञ्चालन भएको करिव ४ वर्ष पुरा भएकोछ । लोकतन्त्रको सवै भन्दा बलियो आधार स्थानीय तह भएकोले संबैधानिक रुपमै स्थानीय तहहरुमा व्यवस्थापकिय कार्यकारी एंव न्यायीक अधिकारहरुको व्यवस्था भएको छ। नागरिकको सबै भन्दा नजिकको सरकार नै स्थानीय सरकार भएकोले नागरिकको दिनदिनै सरोकारका बिषय एंव बिकासको तिव्र चाहनाहरुलाई सम्बोधन गर्ने दायित्व स्थानिय सरकारको काँधमा आएको छ ।

सिमित श्रोत साधनको वावजुत पून: कोभिड १९ को दोश्रो लहरले श्रृजना गरेको मानवीय,आर्थिक तथा सामाजिक समस्या र संकटहरुको समाधान गर्नुपर्ने उत्तिकै चुनौती रहेकोछ ।

नेपाल लगायत विश्व जगत नै कोभिड १९ को महामारीबाट आक्रान्त भएको परिवेशमा अप्रत्यासित रुपमा धनजनको क्षती भएको छ । यस महामारीका कारण स्वदेश तथा विदेशमा ज्यान गुमाउने नेपालीहरु प्रति हार्दिक श्रदासुमन अर्पण गर्दछु, साथै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछु । यस नौकुण्ड गाउँपालिका लगायत नेपाल तथा विदेशमा उपचार गराईरहनुभएका दाजुभाइ तथा दिदीवहिनीहरुमा स्वास्थ्य लाभको कामना गर्दछु ।

सबै प्रकारका बिभेदको अन्त्य गर्ने, लैङ्गिक समानता कायम गर्ने, बिकासलाई दिगो तथा प्रभावकारी, स्थानीय परिवेशमा आधारीत बनाउने,रोजगारीको श्रृजना गर्ने तथा पूर्वाधार बिकास सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्ने, बिकासका लाभहरुको न्यायोचित वितरण गर्ने १५औं योजनाको लक्ष्य तथा उद्धेश्यहरुलाई पुरा गर्ने महान अभियानमा सबै जनप्रतिनिधि,कर्मचारी, गैरसरकारी संस्था,नागरिक समाज, पत्रकार, बुद्धिजिवी एंवं आम जनसमुदायका ऐक्यबद्धता र सहभागीता एवं प्रतिवद्धताको आवश्यकता पर्दछ ।

स्थानिय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरुले स्थानिय तह सम्हालेको ४ वर्ष भैसकेको अवसरमा बिगत वर्षहरुमा यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित सभा समक्ष वजेट पेश गरेको थिए र आज पनि यस सभामा बजेट पेश गर्न पाउदा बेहद आनन्द र गौरवान्वित महसुस गरेको छु ।

विगत वर्षहरुमा बजेट कार्यान्वयनलाई सफल बनाउन प्रत्यक्ष र परोक्ष रुपमा भूमिका खेल्नुहुने जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजिवीहरु, पत्रकार, नागरिक समाज,श्रमिक वर्ग,आमा समूह र हामी संगै हातेमालो गर्ने गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि अझ सकारात्मक र रचनात्मक भूमिका निर्वाह गरिदिनहुन सहृदय अपिल गर्दछु ।

**"दिगो बिकास लक्ष्य प्राप्तीमा - नौकुण्डको गतिशिलता**

**प्रविधीमैत्री शिक्षा,स्वास्थ्य,कृषि, पर्यटन, पूर्वाधार र उद्यमशिलता"**

**"दिगो बिकास लक्ष्य प्राप्तीमा - नौकुण्डको गतिशिलता, प्रविधीमैत्री शिक्षा,स्वास्थ्य,कृषि, पर्यटन, पूर्वाधार र उद्यमशिलता"** भन्ने मुख्य नारालाई चरितार्थ गर्न सिमित श्रोत र साधनलाई प्रभावकारी एंव उच्चतम प्रयोग गरी कोभिड १९ को महामारीको असाधारण परिस्थितीमा नागरिकले आत्मसाथ गर्ने गरी बजेट पेश गरेको छु ।

**सभाका सभाध्यक्ष महोदय,**

**अव म चालु आ.व २०७७/०७८ को बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।**

चालु आ.व २०७७/०७८ को कुल बजेट जम्मा २३ करोड ६० लाख ५५ हजार विनियोजन भएकोमा चालु खर्च तर्फ १४ करोड २५ लाख ९५ हजार र खर्च प्रतिशत ६०.०४ प्रतिशत र पूजीगत खर्च तर्फ १२ करोड ६० लाख ४५ हजार खर्च प्रतिशत ५२.०४ प्रतिशत रहेको छ । कुल खर्च २० करोड ८६ लाख ४७ हजार जम्मा खर्च प्रतिशतमा ५७.६२ प्रतिशत हाल सम्म खर्च भएको छ ।

चालु आ.व को आन्तरिक आय २५ लाख प्रक्षेपण गरिएकोमा जेठ मसान्त सम्ममा जम्मा १६ लाख १५ हजार ५ सय ७८ रुपैया संकलन भएको छ

१. कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि गाउपालिकाले स्थापना गरेको विपद् व्यवस्थापन कोषमा स्वैच्छिक रुपमा आर्थिक, स्वास्थ्य सामग्री तथा जिन्सी सामाग्रीहरु सहयोग गर्नुहुने सम्पूर्ण सरकारी,गैरसरकारी संघ संस्था तथा वित्तिय संस्थाहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२. नेपाल सरकारको निर्णय वमोजिम पारच्याङ स्वास्थ्य चौकीलाई ५ सैयाको स्थानीय अस्पताल तथा कोभिड अस्पतालको रुपमा बिकास गर्ने नीति अनुरुप स्वास्थ्यकर्मीहरुले यस विषम परिस्थितीमा सिमित श्रोत साधनको वाबजुत पनि स्वास्थ्य सेवा प्रवाह गर्दै आईरहनु भएको छ,सम्पूर्ण स्वास्थ्यकर्मीहरु, स्वास्थ्य चौकीका कर्मचारीहरु तथा सहयोगी नर्सहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

३. नौकुण्ड गाउँपालिकाले नेपालको संबिधानको अनुसूचि ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकार सूचिमा प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा यस आ.व. ०७७/०७८ मा २२ वटा महत्वपूर्ण ऐन, नियम,निर्देशिका,कार्यबिधि तथा मापदण्डहरु जारी गरि कार्यान्वयनमा ल्याएको छ । यस वाट नौकुण्ड गाउँपालिकालाई उभिने र बिस्तारै हिड्ने आधारहरु खडा गरेर स्थानीय सरकारको विधायिकी अधिकारको संस्थागत गर्न नौकुण्ड गाउँपालिका सफल भएको छ ।

४. यस संकटको घडीमा समेत गाउँपालिकाले सहभागीमुलक योजना तर्जुमा प्रक्रिया मार्फत आर्थिक वर्ष ०७७/०७८ मा स्थानीयस्तरको विकासका लागि वार्षिक योजना वनाई कार्यान्वयन गर्दे जेष्ठ मसान्त सम्म उपभोक्ता समिति मार्फत कार्यान्वयनमा भएका पूँजिगत योजनाहरुको प्रगति करिव ९० प्रतिशत पुगेको छ । त्यस्तै संस्थागत सुशासन तथा सेवा प्रवाह संग जोडिएका योजनाहरु करिव सम्पन्न भएको अवस्था छ । यस वाट जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माण अगुवाई,अनुगमन एंव जनताको सुख दुखमा साथदिने गरि नौकुण्ड गाउँपालिका अगाढी वढेको छ ।

५. यस चालु आ.व. देखि नै गाउँपालिकाले आफनो प्रशासनिक भवन निर्माण गरि गाउँकार्यपालिकाले सेवा प्रवाहलाई छिटो छरितो,पारदर्शि बनाउने कार्य गरेको छ यसलाई महत्पूर्ण उपलब्धिको रुपमा लिएको छ ।

६. नौकुण्ड गाउँपालिकाले ५ वर्षे गाउँपालिका आवधिक बिकास योजना तथा डिजिटल प्रोफाईल पूर्णिमा कार्यक्रमको प्राविधिक सहयोगमा शुरु गरिरहेको छ,कोभिड १९ का कारण यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य भएकोमा आ.व. ०७८/०७९ को प्रथम चौमासिक भित्र सम्पन्न गरिनेछ ।

७. वडा नं ३,१,६ मा आफनै वडा कार्यालय भवनको निर्माण कार्य शुरु भएको छ । आ.व. ०७८/०७९ भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिनेछ ।

८. कृषि तथा पशु सेवा क्षेत्रमा किसानहरुको लागि प्रत्यक्ष लाभ हुने अनुदानका कार्यक्रमहरु जस्तो: मिनि टिलर, कर्न सेलर, धानको विउ, गहूको विउ, मकैको विउ, फलफूलका विरुवाहरु, हाईटेक टनेल, वितरण जस्ता अनुदानमा आधारित कार्यक्रमहरु सञ्चालन गरियो । गैर सरकारी संस्थाहरु संगको साझेदारीमा अपाङता भएका व्यक्तिहरुका लागि आयआर्जनका कृयाकलापहरु ताथ जिविकोपार्जन सुधारंका कार्यक्रमहरु भएका छन् ।

९. शिक्षा क्षेत्रलाई विद्यार्थी मैत्री, गुणस्तर वृद्धि गर्नका लागि माध्यमिक विद्यालय र आधारभुत विद्यालय गरी अघिल्लो आ.ब. मा पूर्ति गरिएका दरवन्दिलाई आलु आ.ब. मा पनि निरन्तरता दिईयो । यस गाउँपालिका अर्न्तगत रहेका माध्यमिक बिद्यालयहरुमा विज्ञान प्रयोगशालाको स्थापना गरियो ।

१०. गौतम बुद्ध मा.बि.मा राष्टपति शैक्षिक सुधार कार्यक्रम भौतिक तथा शैक्षिक गुणस्तरका लागि शुरु गरिएको छ ।

११. गाउँपालिका स्तरीय राष्टपति रनिङ सिल्ड संचालन भई यूवा तथा वालवालिकाहरुलाई खेलकुदमा आकर्षित गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

१२. कोभिड १९ वाट प्रभावित व्यक्तिहरुलाई पि.सि.आर. परिक्षणको लागि स्वाव संकलन गर्ने कार्य गरिनुका साथै संक्रमितहरुलाई स्वास्थ्य मन्त्रालय अनुसारको मापदण्ड औषधि तथा किटहरु वितरण गरियो ।

१३. समपुरक अनुदानमा लारच्याङ,पारच्याङ सडक स्तरोन्नती भएको छ ।

१४. गाउँपालिका भित्र रहेका २० जना महिलाहरुलाई आयआर्जन तथा जिविकोपार्जनको लागि सिपमुलक तालिमहरु संचालन गरियो ।

१५. महिलाहरुको लागि ढाका कपडा बुन्ने जिवनउपयोगी तालिम, यूवाहरुलाई होटल व्यववस्थापन सम्वन्धि तालिम,महिलाहरुलाइ सिलाई कटाई तालिम संचालन गरियो ।

१६. प्रधानमन्त्रि रोजगार कार्यक्रम अर्न्तगत १०० जनालाई १०० दिनको रोजगारी सिर्जना गरि गाउँपालिका भित्र रहेका सडक तथा गोरेटो बाटोहरु स्तरोन्नती गरियो ।

१७. संस्थागत क्षमता स्वमुल्यांकन गरि आगामी कमजोर देखिएका सुचकहरुमा वर्षमा सुधार गर्दै जाने कार्ययोजना तयार गरि कार्यान्वयन गरिरहेको छ ।

१८. कोभिड १९ को महामारीको बावजुत पनि करिव ९८ प्रतिशत योजनाहरु सम्पन्न गरिएको छ ।

१९. यसरी संघीय सरकार, प्रदेश सरकार र नौकुण्ड गाउँपालिका तिनै तहको सरकारको समन्वय र सहकार्यमा यस गाउँपालिकाको समृद्धि लाई अगाडी बढाउने कार्य अर्न्तगत अम्वास,पारच्यांङ सडक अर्न्तगत कालोपत्रे भईरहेको, ३ वटा रणनितिक पक्कि पुलहरुको निर्माण कार्य ठेक्का प्रक्रिया शुरु भएकोसभा समक्ष अनुरोध गर्न चाहन्छु ।

२०. गौरवको आयोजनाको रुपमा रहेका जुरेढुङ्गा पर्यटन प्रवर्धन कार्यक्रम अर्न्तगत डि.पि.आर तयार गरि कार्यान्वयनको लागि वागमती प्रदेश संग साझदारी गर्ने प्रक्रिया अगाढी वढाईएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेकोछु ।**

१. सामाजिक, भौतिक तथा पूर्वाधार र आर्थिक विकास गरि समृद्ध गाउँपालिका बनाउने ।

२. स्वास्थ्य क्षेत्रमा सवैको सहज पहूँच पुऱ्याउने । कोभिड १९ विरुद्धको खोप अभियानलाई निरन्तरता दिनुका साथै कोभिड १९ को तेश्रो लहर बाट हुन सक्ने सम्भावित मानविय तथा आर्थिक क्षतीलाई

न्यूनिकरण गर्न सबै वडा तथा टोल टोलमा कोभिड बिरुद्धको सचेतना अभियानहरु संचालन गर्ने ।

३. साधन , स्रोत र क्षमताको उच्चतम उपयोग गरि समृद्ध मानविय विकास गर्ने ।

४. **"एक गाउ एक उत्पादन"** लाई प्रभावकारीरुपमा लागु गरि कृषिमा आत्मनिर्भर गाउँपालिका बनाउने साथै रोजगारी सिर्जना गर्ने ।

५. शैक्षिक क्षेत्रको समग्र विकास गर्नुका साथै शैक्षिक गुणस्तर लाई थप सुदृढ बनाउन प्रविधिको उच्चतम प्रयोग गर्ने ।

६. बैदेशिक रोजगारबाट फर्किएका यूवाहरुको लगत संकलन गरि उहाँहरुको सिप तथा दक्षता पहिचान गरि स्थानिय स्तरमै स्वरोजगार बनाउने ।

७. कृषिमा आधुनिकिकरण प्रविधिलाई अवलम्वन गर्दै लधु उद्यम बिकास मार्फत स्थानीय स्तरमा अल्पकालिन तथा दिर्धकालिन रुपमा रोजगारी सिर्जना गर्ने ।

८. यस गाउँपालिकालाई शासकिय सुधारका साथै सेवा प्रवाहलाई प्रभावकारीरुपमा लागु गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

- गरिवी न्यूनीकरण रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित ।
- आन्तरीक राजस्व वृद्धि र परिचालनमा योगदान पऱ्यांउने ।
- युवालाई स्वरोजगारका लागि उद्यम तथा ब्यावसायमा जोड दिने ।
- शैक्षिक क्षेत्रको गुणस्तर लाई थप सुदृढ बनाउन प्रबिधिको उच्चतम प्रयोग गर्ने ।
- जनसहभागिता अभिवृद्धि गर्ने ।
- संस्कृति र पहिचानको प्रवर्द्धन गर्ने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पऱ्याउने ।
- क्रमागत उत्पादनमूलक र छिटो प्रतिफल दिने ।
- स्वास्थ्य संस्थालाई सुबिधा सम्पन्न प्रशुतीकक्ष को स्थापना तथा बिस्तार गर्ने ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण को मुलप्रवाहिकरण गर्ने ।
- कोभिड १९ को न्यूनिकरण तथा प्रभावलाई कम गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व.०७८/७९ का लागि नौकुण्ड गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु ।**

आयतर्फ : संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ९१ लाख, नेपाल सरकार शसर्त अनुदान रु. १३ करोड ९७ लाख, संघीय सरकारबाट राजश्व बाँडफाँड बाट रु. ५ करोड ५५ लाख ७८ हजार, प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु.७१ लाख २९ हजार , प्रदेश सरकार शसर्त अनुदान रु.१ करोड ६५ लाख १७ हजार , प्रदेश सरकारबाट राजश्व बाँडफाँड बाट रु.८४ लाख ८८ हजार १ सय ४९, यसै गरि प्रदेश सरकार बाट समपुरक अनुदान रु १ करोड ५० लाख ५ हजार, प्रदेश सरकार बाट विशेष अनुदान रु ६० लाख ,संघीय सरकार बाट प्राप्त विशेष अनुदान ८३ लाख, संघिय सरकार बाट प्राप्त समपुरक अनुदान १ करोड २५ लाख ।

आन्तरिक राजश्ववाट रु.४५ लाख गरी जम्मा आय ३६ करोड २८ लाख १७ हजार १ सय ४९ रुपैया अनुमानित गरिएको छ ।

**सभाध्यक्ष महोदय :**

**अब म आर्थिक वर्ष २०७८/०७९ मा कर, शुल्क तथा दस्तुर का वारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।**

आर्थिक वर्ष २०७८/०७९ को लागि शुल्क दस्तुर,दर तथा जरिवानाको दर र दायरमा केहि परिवर्तन गरेको छु । चालु आ.व २०७७/०७८ देखि सम्पत्ति कर तथा नक्सा पास लाई पूर्ण रुपमा लागु गर्न नसकिएकोमा यस आ.ब. २०७८/०७९ देखि पूर्ण रुपमा लागु गरिने छ । राजश्व सुधारको कार्यक्रमहरु वडातहमा गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०७८/०७९ को लागि बिनियोजन कार्यक्रमहरुको बारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।**

व्यय तर्फः चालु खर्च तर्फ : आर्थिक वर्ष २०७८/०७९ को लागि गाउँकार्यपालिका र वडा समिति खर्च गर्ने रु ५ करोड २४ लाख विनियोजन गरेको छ ।

विषयगत शाखाहरु तर्फ : शिक्षा तर्फ रु १ करोड ४० लाख, स्वास्थ्य शाखा तर्फ ४५ लाख, कृषि तथा पशु शाखाको लागि ५६ लाख, महिला विकास २० लाख,न्यायिक समिति १४ लाख, जेष्ठ नागरिक ३ लाख, वालवालिका ३ लाख, अपाङगता कार्यक्रम ५ लाख, राजश्व सुधार ५ लाख, यूवा, खेलकुद सस्कृति ५ लाख, वन तथा वातावरण ३ लाख तथा दलित ७ लाख गरि कुल ३ करोड ६ लाख बिनियोजन गरेको छु ।

**पुँजीगत खर्च तर्फ** : गाउँपालिका तर्फ रु ५ करोड ४८ लाख तथा वडा समिति अर्न्तगत रु २ करोड ५२ लाख रुपैया गरि जम्मा व्यय रु ८ करोड ४० लाख रुपैया रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म यस बजेट बक्तव्यमा भएका मुख्य मुख्य योजनाहरुलाई साराशंमा उल्लेख गर्न चाहन्छु ।**

विकास कार्यलाई दिगो व्यवस्थित र टिकाउ बनाउनका लागि सर्वप्रथम गौरवका आयोजना तर्फ प्रदेश सरकार संग साझेदारी गर्न समपुरक कोष अर्न्तगत रु २ करोड ८० लाख विनियोजन गरेको छु ।

भौतिक विकास र सामाजिक विकासलाई समानान्तर ढङगबाट अघि बढाउन सकिएन भने सन्तुलित विकास हाँसिल गर्न सकिदैन । विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । यहि मान्यतालाई आधार मानेर पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक,सिचाई,भवन तथा सहरी विकास,उर्जा लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरु समेटिएका छन । वातावरण क्षेत्रका वन तथा भु संरक्षण, जलाधार संरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोरमैला तथा ढल व्यवस्थापन तथा विपद व्यवस्थापन लगायतका लागि वन, वातावरण तथा विपद व्यवस्थापनलाई प्राथमिकता रहेको छ ।

संस्थागत विकास सेवा प्रवाह र सुशासन मार्फत लोकतन्त्रहरुको लाभहरुको आधिकारिक वितरण गर्दै नागरिकमुखी सेवा प्रदान गर्न सकिएमा संस्था प्रति आम नागरिकको अपनत्व विकास हुन्छ भन्ने विश्वास लिइएको छ । दैनिक सेवा प्रवाहका कार्यहरुलाई सहज सरल र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु अनलाईन प्रणालीमा लैजान तथा न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्र स्थापना गर्न, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृदि गर्न सुशासन तथा संस्थागत विकासलाई प्राथमिकतामा राखेको छु ।

अन्त्यमा, आ.व २०७८/०७९ को वजेट तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु,राजनीतिक दलहरु, कर्मचारीहरु, शिक्षक, वुद्धिजिवीहरु,आम नागरिक, सुरक्षाकर्मी, पत्रकार,गैर सरकारी संस्थाहरु लगायत सवैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !!!

सिर्जना लामा
उपाध्यक्ष
नौकुण्ड गाउँपालिका